# दशौं राष्ट्रिय खेलकुद छनोट, बन्द प्रशिक्षण तथा सहभागिता सम्बन्धी कार्यविधि, २०८२

बागमती प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

## प्रदेश खेलकुद विकास परिषद्,

बागमती प्रदेश, हेटौडा ।

# दशौं राष्ट्रिय खेलकुद छनोट, बन्द प्रशिक्षण तथा सहभागिता सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावना: दशौं राष्ट्रिय खेलकुद, २०८२ मा प्रदेशबाट खेलाडीको छनोट, बन्द प्रशिक्षण सञ्चालन तथा सहभागितालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम दशौं राष्ट्रिय खेलकुद छनोट, बन्द प्रशिक्षण तथा सहभागिता सम्बन्धी कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश खेलकुद विकास ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले प्रदेश खेलकुद विकास नियमावली, २०७६ सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले प्रदेश खेलकुद विकास परिषद् सम्झनु पर्छ।

(घ) "छनोट" भन्नाले खेलाडीको जिल्लास्तरबाट छनोट हुँदै प्रदेशबाट हुने छनोट तथा सिधै (खुला) प्रदेश छनोट प्रतियोगितालाई सम्झनु पर्छ।

(ङ) "सहभागिता" भन्नाले दशौं राष्ट्रिय खेलकुदका लागि छनोट, सहभागिता र बन्द प्रशिक्षण कार्यक्रमलाई समेत सम्झनु पर्छ।

(च) "बन्द प्रशिक्षण" भन्नाले प्रदेश छनोटमा परेका खेलाडीलाई परिषद्को खर्चमा प्रतियोगितामा सहभागी हुनुभन्दा अगाडी सम्म प्रदान गरिने प्रशिक्षण, प्रोत्साहन कक्षा, शारिरीक तन्दुरूस्ती तथा रिफ्रेसमेन्ट समेत सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले खेलकुद हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "सदस्य" भन्नाले परिषद्का सदस्यलाई सम्झनु पर्छ।

(ञ) "सदस्य-सचिव" भन्नाले परिषदको सदस्य-सचिव सम्झनु पर्छ।

(ट) "प्रशिक्षक" भन्नाले विभिन्न खेलका खेलाडीलाई प्रशिक्षण गर्न खटाएको व्यक्ति सम्झनु पर्छ।

(ठ) "व्यवस्थापक" भन्नाले राष्ट्रिय खेलमा सहभागीता हुने विभिन्न खेलका विधागत कार्यक्षेत्रगत व्यवस्थापन गर्न परिषद्ले खटाएको पदाधिकारी सम्झनु पर्छ।

(ड) "प्राविधिक उपसमिति" भन्नाले कार्यविधिको दफा १५ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ढ) "प्रदेश खेलाडी छनोट समिति" भन्नाले कार्यविधिको दफा ११ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य

३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) दशौं राष्ट्रिय खेलकुदमा बागमती प्रदेशको सहभागितालाई व्यवस्थित र प्रभावकारी बनाउनु,

(ख) दशौं राष्ट्रिय खेलकुद, २०८२ मा खेलाडीको छनोट गर्दा स्वतन्त्र, निष्पक्ष र क्षमताको आधारमा त्रुटि रहित खेलाडी छनोट गर्नु,

(ग) दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशबाट सम्मानजनक र उत्कृष्ट प्रदर्शन गर्ने गरि खेलाडी छनोट गर्नु,

(घ) दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशको तर्फबाट सहभागीता जनाउँदा त्रुटि रहित व्यवस्थापन गर्नु,

(ङ) दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी र प्रशिक्षकलाई समन्वय, उत्प्रेरणा र हौसला प्रदान गर्दै उच्च मनोबलका साथ खेलकुद मैदानमा सहभागी गराउने गरि आवश्यक वातावरण तयार गर्नु आदि।

## परिच्छेद-३

## खेल तथा खेलाडी छनोट र प्रतियोगिताको स्वरुप

४. छनोट प्रतियोगिताको स्वरुपः खेल तथा खेलाडी छनोटको स्वरुप देहाय बमोजिम हुनेछः-

(क) जिल्लास्तरीय प्रतिस्पर्धा, कराते, तेक्वान्दो, एथ्लेटिक्स, उसु, आईटिएफ तेक्वान्दो, जुडो, टेबल टेनिस, फुलकन्ट्याक्ट कराते, बुद्धिचाल, फुटबल, भलिबल र व्याडमिन्टन गरी १२ वटा खेलको जिल्ला हुदै प्रदेश छनोटका लागि जिल्लालाई खेलाडी कोटा निर्धारण गरी छनोट गरिने।

(ख) खुलाबाट प्रदेश छनोट प्रतियोगिताको स्वरुप, प्रथम अन्तर प्रदेश राष्ट्रिय खेलकुद-२०८० मा सहभागी खेलाडी, दोस्रो प्रदेश खेलकुद २०८० मा प्रथम, द्वितीय र तृतिय स्थान हाँसिल गरेका खेलाडी, राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा पदक

उर्मिला नेपाल

प्राप्त खेलाडी, सम्बन्धित संघले आ.व. २०८२ मा राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा स्वर्ण/रजत पदक प्राप्त खेलाडी, सम्बन्धित संघले प्रतिभावान खेलाडी पहिचान गरी सिफारिस गरेका खेलाडी, राष्ट्रपति रनिङशिल्ड-२०८२ मा स्वर्ण पदक विजेता खेलाडी तथा विभागीय टिमको करार सम्झौता अन्त्य गरी आएका खेलाडी बीचमा प्रतिस्पर्धा गराई दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी सम्पुर्ण खेलको लागि सिधै प्रदेश छनोट गर्न सकिनेछ।

५. जिल्ला प्रतियोगिता: (१) जिल्लामा आयोजना हुने खेलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धित जिल्ला खेलकुद विकास समितिबाट हुनेछ। जिल्लास्तरमा प्रतियोगिता सञ्चालन गर्दा सम्बन्धित जिल्लाको परिषद् बोर्ड सदस्यसँग आवश्यक समन्वय गरी कार्य गर्नुपर्नेछ।

(२) जिल्ला प्रतियोगिता सञ्चालनार्थ खेल संख्या र खेलाडी सहभागिताको आधारमा परिषद्ले दशौं राष्ट्रिय खेलकुद-२०८२ को शीर्षकबाट जिल्ला खेलकुद विकास समितिमा रकम उपलब्ध गराउने छ। जिल्ला छनोटका क्रममा बजेट अपुग भएमा जिल्ला खेलकुद विकास समितिले अतिरिक्त क्रियाकलाप अन्तर्गत उपलब्ध गराएको बजेटबाट समेत प्रतियोगिता संचालन गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिमको अनुदान रकम जिल्ला खेलकुद विकास समितिले देहायका विषयमा मापदण्डभित्र रही खर्च गर्नुपर्नेछ।

(क) खेल सामग्री,

(ख) खेल मैदान मर्मत तथा भाडा,

(ग) निर्णायक तथा अफिसियल भत्ता,

(घ) खेल पोशाक,

(ङ) बन्द प्रशिक्षण,

(च) खेलाडी चिया/खाजा/यातायात,

(छ) खाजा तथा अतिथि सत्कार,

(ज) बैठक भत्ता, मसलन्द, सञ्चार, इन्धन।

(४) जिल्ला प्रतियोगितामा सहभागी भएका टिम, खेलतर्फ विजयी टिमका साथै सहभागी अन्य टिमका प्रतिभाशाली खेलाडी तथा व्यक्तिगत प्रतिस्पर्धातर्फका विजयी खेलाडी समेतलाई समावेश गरी उत्कृष्टताको आधारमा जिल्ला टिम तयार गरी प्रदेश प्रतियोगितामा सहभागी गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको खेलाडीको टिम तयार गर्न देहाय बमोजिमको खेलाडी छनोट समिति रहनेछ:-

(क) अध्यक्ष, जिल्ला खेलकुद विकास समिति -संयोजक

(ख) संयोजकद्वारा मनोनीत सम्बन्धित खेलको सिनियर प्रशिक्षक एक जना -सदस्य

(ग) जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख - सचिव

(६) जिल्लास्तरीय प्रतियोगितास्थलको छनोट जिल्ला खेलकुद विकास समितिले छनोट गर्नु पर्नेछ।

६. <u>प्रदेश छनोट प्रतियोगिता</u>: (१) प्रदेशबाट सिधै छनोट हुने खेलको सञ्चालन तथा व्यवस्थापन परिषद्को समन्वयमा प्रदेश खेलाडी छनोट समितिबाट हुनेछ। प्रदेशस्तरमा छनोट प्रतियोगिता सञ्चालन गर्दा प्राविधिक उपसमितिसँग आवश्यक समन्वय गरी खेलस्थल र खेलतालिका निर्धारण गरी गर्नुपर्नेछ।

(१) खेलाडी, प्रशिक्षक, निर्णायक तथा अफिसियललाई प्रदान गरिने नगद पुरस्कार तथा सुविधा दफा १९ र २० मा उल्लेख भए बमोजिम हुनेछ।

(२) प्रतियोगितामा गरिने खर्चको मापदण्ड दफा २१ बमोजिम हुनेछ।

७. <u>प्रतियोगिता सञ्चालन समयसीमा र टिम छनोट</u>: (१) प्रदेश खेलाडी छनोट समितिले प्रतियोगितामा समावेश हुने खेलको खेलस्थल र खेलतालिका प्राविधिक उपसमितिसँग आवश्यक समन्वय गरी निर्धारण गर्नेछ।

(२) जिल्ला हुदै प्रदेश प्रतियोगिताका लागि हुने खेलको खेलस्थल र खेलतालिका जिल्ला खेलकुद विकास समिति आफैले तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रदेश छनोटको समय, खेलस्थल, प्राविधिक समिति तथा सम्बन्धित संघको राय समेतका आधारमा परिषद्ले तोक्नेछ ।

८. <u>खेलाडी दर्ता</u>: जिल्ला तथा प्रदेश खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीको नाम दर्ताका लागि समितिले तोकेको मितिभित्र अनुसूची-१ बमोजिमको फाराम जिल्ला खेलकुद विकास समितिबाट उपलब्ध गराएको दर्ता फाराम भरी जिल्ला प्रतियोगितामा सहभागी हुनेको हकमा जिल्ला खेलकुद विकास समितिलाई र प्रदेश प्रतियोगितामा सहभागी हुनेको हकमा जिल्ला खेलकुद विकास समितिमार्फत परिषद्लाई उपलब्ध गराउनु पर्नेछ।

तर कुनै खेलाडी अन्तर्राष्ट्रियस्तरमा ख्याती प्राप्त तथा राष्ट्रिय प्रतियोगितामा पदक जित्न सक्ने सम्भावना देखिएमा प्रदेश खेलाडी छनोट समितिले परिषदमा फारम दर्ता गराई सोझै टिममा समावेश गर्न सक्नेछ।

९. <u>अनुगमन समिति</u>: प्रदेशस्तरीय प्रतियोगिता अनुगमन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछ:

(क) मन्त्री, युवा तथा खेलकुद मन्त्रालय -अध्यक्ष

(ख) सचिव, युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(ग) सदस्य-सचिव, प्रदेश खेलकुद विकास परिषद् -सदस्य सचिब

१०. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) छनोट प्रतियोगिताको समग्र अनुगमन तथा निरीक्षण गर्ने,

(ख) छनोट प्रतियोगितालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि समितिलाई निर्देशन दिने,

(ग) खेलकुद प्रतियोगितालाई थप व्यवस्थित, प्रभावकारी र नतिजामूलक ढङ्गले समिति तथा उपसमितिलाई निर्देशन दिने,

(घ) प्रतियोगिता आयोजनाको सन्दर्भमा प्रदेश अन्तर्गतका निकाय तथा स्थानीय तहसँग समन्वयको लागि सहजिकरण गर्ने।

११. प्रदेश खेलाडी छनोट समितिः (१) प्रदेशस्तरीय खेलकुद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन, भौतिक पूर्वाधार, प्रशिक्षण, प्रतियोगिताको स्वरूप, प्रोत्साहन, पुरस्कार तथा अन्य पक्षको व्यवस्थापन गर्न देहायको समिति रहनेछः-

(क) सदस्य सचिव, परिषद् -संयोजक

(ख) महाशाखा प्रमुख/प्रतिनिधि, युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(ग) संयोजकले तोकेको सम्बन्धित खेल संघको प्रतिनिधि एक जना -सदस्य

(घ) संयोजकले तोकेको सम्बन्धित खेलको प्रशिक्षक एक जना -सदस्य

(ङ) कार्यालय प्रमुख, परिषद् -सचिव

१२. प्रदेश खेलाडी छनोट समितिको काम कर्तव्य र अधिकारः प्रदेश खेलाडी छनोट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतियोगिताको स्थान र समय निर्धारण गर्ने,

(ख) राष्ट्रिय खेलकुद परिषद् मातहतका खेल पूर्वाधार उपलब्ध गराउन आवश्यक समन्वय गरि प्रयोग गर्ने,

(ग) आवश्यकता अनुसार सम्बन्धित संघ वा प्रतिनिधिको सिफारिसमा सम्बन्धित खेलाडी, विज्ञ वा प्राविधिकको सल्लाह र समन्वयमा खेलाडीलाई बन्द प्रशिक्षणमा राख्ने,

(घ) प्रतियोगितामा सहभागी हुने प्रत्येक खेलका लागि कोच तथा व्यवस्थापक निर्धारण गर्ने,

(ङ) प्रतियोगिता सञ्चालनका लागि प्राविधिक उपसमितिको सिफारिसमा निर्णायक छनोट गर्ने,

(च) स्वीकृत बजेटको परिधिभित्र रही प्रतियोगिता सम्पन्न गर्नका लागि शीर्षकगत बजेट बाँडफाँट गरी खर्च गर्ने,

(छ) प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न आवश्यकता अनुसार निश्चित समयका लागि प्राविधिक उपसमितिको सिफारिसमा स्वयंसेवक परिचालन गर्ने,

(ज) प्रतियोगिता सहभागी हुने खेलाडी छनौट सम्बन्धी कार्य गर्ने।

(झ) परिषद्ले तोकेका एवं प्रतियोगितासँग सम्बन्धित अन्य भैपरी आउने कार्य गर्ने।

१३. <u>प्रदेश खेलाडी छनोट समितिको बैठकः</u> समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति र स्थानमा बस्नेछ। समितिले बैठक बसेवापत नियमानुसार सेवा सुविधा पाउनेछन।

१४. <u>प्राविधिक उपसमितिः</u> (१) प्रदेश छनोट प्रतियोगिता सहज तथा व्यवस्थित ढङ्गले सञ्चालन गर्न समितिले आफु अन्तर्गत रहने गरी कार्यक्षेत्र तथा सर्तहरु तोकी देहाय अनुसार प्राविधिक उपसमिति गठन गरी कार्य गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश छनोट प्रतियोगितामा समावेश भएका प्रत्येक खेलको लागि देहाय वमोजिमको सदस्य सचिवद्वारा मनोनित ३ (तीन) सदस्यीय प्राविधिक उपसमिति रहनेछः -

(क) सम्बन्धित खेलको विज्ञ वा खेल संघको पदाधिकारी -संयोजक

(ख) सम्बन्धित खेलको अन्तर्राष्ट्रिय/राष्ट्रिय निर्णायक -सदस्य

(ग) खेल प्राविधिक/विज्ञ मध्येबाट एक जना -सदस्य

(३) प्राविधिक उपसमितिको संयोजक तथा सदस्यको काम, कर्तव्य तथा अधिकार सहितको मनोनयन पत्र प्रदान गरिनेछ।

(४) उपसमितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेर गरेका निर्णय एवम् कार्यको प्रतिवेदन प्रदेश खेलाडी छनोट समितिमा पेश गर्नुपर्नेछ।

१५. <u>प्राविधिक उपसमितिको काम, कर्तव्य र अधिकारः</u> (१) प्राविधिक उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतियोगिताको क्रममा आएका खेल सम्बन्धी विवाद समाधान गर्ने, समितिलाई राय सुझाव दिने,

(ख) समितिलाई खेल तथा प्रतियोगिता सम्वन्धी राय सुझाव दिने,

(क) जिल्ला प्रतियोगिताको हकमा जिल्ला खेलकुद विकास समितिको स्वीकृति लिई खर्च गर्नुपर्नेछ।

(ख) प्रदेश खेलकुद प्रतियोगिताको हकमा परिषद्का सदस्य सचिव वा निजले अधिकार प्रत्यायोजन गरेको पदाधिकारी वा कर्मचारीको स्वीकृति लिइ खर्च गर्नुपर्नेछ ।

(ग) जिल्ला प्रतियोगिता सञ्चालनका लागि आवश्यक स्वीकृत बजेट प्रदेश खेलाडी छनोट समितिको सिफारिसमा परिषद्ले सम्बन्धित जिल्लालाई उपलब्ध गराउनेछ।

(घ) प्रतियोगिताका लागि छनोट भएका खेलाडी, प्रशिक्षक, अफिसियल र व्यवस्थापकलाई परिषदबाट रू.७ (सात) हजार बराबरको ट्र्याकसुट र जर्सी वा सो बराबरको नगद उपलब्ध गराईने छ।

(ङ) प्रतियोगिताका लागि निकासा भएको रकमको बिल भरपाई जिल्लाको हकमा दशौं राष्ट्रिय खेलकुद समाप्त भएको ३५(पैतिस) दिनभित्र सम्बन्धित जिल्लाको हकमा फछ्र्यौट गर्ने, गराउने जिम्मा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष र कार्यालय प्रमुखको हुनेछ। तथा प्रदेशको हकमा दशौं राष्ट्रिय खेलकुद समाप्त भएको ९०(नब्बे) दिनभित्र पेश्की फछ्र्यौट गर्ने गराउने जिम्मा प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव, तोकिएको पदाधिकारी हुनेछ।

(च) प्रतियोगिताको सञ्चालन गर्दा बजेट शीर्षकभित्र रही खर्च गर्नुपर्नेछ तर कुनै कारणबश कुनै उपशीर्षकमा बजेट नपुग भइ खर्च नगरी नहुने अवस्था आइपरेमा अन्य उपशीर्षकमा भएंको बचत रकमबाट प्रदेश छनोट समितिको बैठकबाट बजेट थपघट गरी खर्च लेख्न सकिनेछ।

(छ) प्रतियोगिता अवधिभित्र कुनै आकस्मिक घटना भइ प्रतियोगिताका लागि छुट्याइएको रकम नपुग भई कार्य गर्न नसकिने अवस्था भएमा प्रदेश छनोट समितिले निर्णय गरी परिषद्मा रकमका लागि अनुरोध गर्नुपर्नेछ। घटनाको कारण र औचित्यता विश्लेषण गरि परिषद्ले उचित रकम निकासा दिन सक्नेछ।

२०. <u>भत्ता तथा अन्य सुविधाः</u> (१) प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, टिम मेनेजर, निर्णायक र पदाधिकारीलाई दफा २१ बमोजिमको खर्चको मापदण्ड अनुसारको दैनिक भत्ता तथा सुविधा उपलब्ध गराइनेछ।

(२) प्रदेश छनोट प्रतियोगिता तथा बन्द प्रशिक्षण अनुगमन गर्नेलाई प्रचलित कानुन बमोजिम दैनिक भत्ता दिइनेछ।

बलराम ढकाल
प्रदेश सचिव

(३) सिधै प्रदेश छनोट प्रतियोगितामा सहभागी खेलाडीलाई प्रतिदिन रू.१०००/- बराबरको चिया-खानाको व्यवस्था परिषद्ले गर्नेछ। सहभागी खेलाडीको हकमा नियमानुसारको आते-जाते यातायात उपलब्ध गराईनेछ ।

तर बन्द प्रशिक्षणका लागि छनोटमा परेका खेलाडीलाई प्रतियोगिता शुरु हुनुभन्दा एक दिन अगाडी र एक दिन पछाडी समेतको दैनिक तथा भ्रमण भत्ता नियमानुसार उपलव्ध गराइनेछ।

(४) कुनै पनि सहभागीलाई दोहोरो पर्ने गरी दैनिक भत्ता दिइने छैन।

(५) प्रदेश छनोट प्रतियोगिताको लागि आवश्यक खरिदसम्बन्धी कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम नै गर्नुपर्नेछ।

(६) प्रदेश छनोट प्रतियोगिताको लागि आवश्यक खर्च सम्बन्धी कारोवार कार्यालयका कर्मचारीले पेश्की लिई आवश्यक व्यवस्थापकीय तथा भत्ता वितरण सम्बन्धी कार्य गर्न सक्नेछ।

२१. <u>खर्चको मापदण्डः</u> (१) प्रशिक्षक परिचालन अन्तर्गत एक जिल्लाबाट अर्को जिल्लामा खेलाडीलाई प्रशिक्षण दिन जाँदा स्वीकृत भ्रमण आदेशका आधारमा प्रचलित नियमानुसार दैनिक तथा भ्रमण भत्ता उपलव्ध गराइनेछ।

(२) प्रदेश प्रतियोगितापश्चात बन्द प्रशिक्षणमा समावेश हुने खेलाडी, व्यवस्थापक, निर्णायक र प्रशिक्षकलाई चिया, खाना, खाजा र बसोबास बापत दैनिक रु.२०००/- का दरले रकम उपलव्ध गराइनेछ।

(३) प्रदेश छनोट प्रतियोगितामा निर्णायक भइ काम गर्ने अन्तर्राष्ट्रिय निर्णायकलाई काम गरेको दिनको निर्णायक भत्ता रु.१५००/- र अन्य निर्णायकलाई रु.१०००/- भत्ता उपलव्ध गराइनेछ।

(४) पुरस्कार बाहेका सवै शिर्षकमा नियमानुसारको करकट्टी गरी रकम उपलव्ध गराईने छ।

(५) अनुगमन निरीक्षणमा जाने पदाधिकारी तथा कर्मचारीलाई स्वीकृत भ्रमण आदेशका आधारमा कानुन बमोजिम दैनिक तथा भ्रमण खर्च उपलव्ध गराइनेछ।

(६) प्रदेश छनोट प्रतियोगिताका लागि गठित प्रदेश खेलाडी छनोट समिति र प्राविधिक उपसमितिका पदाधिकारीले बढिमा ५ (पाँच) बैठक बराबरको नियमानुसार बैठक भत्ता पाउनेछन् ।

(७) प्रतियोगिताको दौरानमा कार्यालय समय अतिरिक्त ३ (तीन) घण्टाभन्दा बढी र सार्वजनिक विदामा खटिने पदाधिकारी तथा कर्मचारीलाई विद्युतीय हाजिरीको आधारमा प्रतिव्यक्ति प्रतिदिन रु. ६००/- का दरले रकम उपलव्ध गराइनेछ।

(८) प्रदेश छनोट प्रतियोगिताका लागि आयोजना स्थलमा स्वयंसेवक आवश्यक भएको व्यहोरा प्राविधिक समितिबाट निर्णय गराई प्रतियोगिता समाप्त भएको भोलिपल्टदेखि स्वतः नरहने गरी परिषदले स्वयंसेवकको रुपमा प्रत्येक खेलमा प्रतिदिन ५ देखि २० जनासम्म स्वयंसेवक परिचालन

लगाउन सक्नेछ। स्वयंसेवकलाई काम गरेको दिनको लागि खाजा खाना बापत प्रतिदिन प्रतिव्यक्ति रु.१०००/- उपलब्ध गराइनेछ ।

"तर यसरी स्वयंसेवक परिचालन गर्दा स्वीकृत लागत अनुमानमा उल्लेख भएको संख्या भन्दा बढी संख्यामा स्वयंसेवक परिचालन गर्न सकिने छैन।"

(९) प्रदेश छनोटका लागि सम्बन्धित प्रदेश संघ वा राष्ट्रिय संघलाई निश्चित रकम पेश्की स्वरुप उपलब्ध गराई प्रतियोगिता सञ्चालन गर्न सकिनेछ।

(१०) जिल्ला प्रतियोगिताको लागि प्रत्येक जिल्लालाई आफ्नो जिल्लाको खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक रकम औचित्य र सम्भाव्यताका आधारमा प्रदेश खेलाडी छनोट समितिले निर्णय गर्नेछ।

(११) उल्लेखित सबै रकममा प्रचलित कानून बमोजिम करकट्टी गरी उपलब्ध गराइनेछ।

## परिच्छेद- ७

## पुरस्कार तथा सम्मान

२२. पुरस्कार तथा सम्मानः (१) दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८२ मा बागमती प्रदेशका पदक विजेता खेलाडीलाई देहाय बमोजिमको खेलाडी तथा प्रशिक्षकलाई पुरस्कारसहित सम्मान गरिनेछः-

| विवरण | व्यक्तिगत इभेन्ट | | |
|---|---|---|---|
| | स्वर्ण | रजत | कास्य |
| खेलाडी | १०००००/- | ५००००/- | २५०००/- |
| प्रशिक्षक | ५००००/- | ३५०००/- | २०००[illegible] |
| विवरण | टिम इभेन्ट | | |
| | स्वर्ण | रजत | कास्य |
| प्रति खेलाडी | ५००००/- | २५०००/- | १५०००/- |
| प्रशिक्षक | ५००००/- | ३५०००/- | २००००/- |

(२) पदक विजेता खेलाडी तथा प्रशिक्षकले पुरस्कार लिन खाता र स्थायी लेखा नम्बर अनिवार्य पेश गर्नुपर्नेछ।

(३) राष्ट्रिय प्रतियोगिता भएकाले पुरस्कार रकममा कर लाग्ने छैन।

## परिच्छेद-८

## विविध

२३. सम्पर्क कार्यालय स्थापना गर्न सक्नेः प्रदेशको छनोट प्रतियोगितालाई सहजीकरण गर्न काठमाण्डौमा एक सम्पर्क कार्यालयको स्थापना गरिनेछ। साथै दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहजीकरण गर्ने प्रयोजनका लागि कर्णाली प्रदेशको सुर्खेतमा अस्थायी सचिवालय स्थापना गरिनेछ।

२४. <u>खर्च व्यवस्थापन गर्ने:</u> दशौं राष्ट्रिय प्रतियोगिताको तयारी स्वरूपको विनियोजित रकमबाट खर्च व्यवस्थापन गरिनेछ।

२५. <u>प्रतियोगितामा सहभागी हुन पाउने:</u> खेलाडीले अनुसूची-१ बमोजिमको खेलाडी दर्ता फाराम भरी प्रतियोगिता आयोजना गर्ने निकायमा बुझाएपछि मात्र प्रतियोगितामा सहभागी हुन पाउनेछन्।

२६. <u>शपथ ग्रहण:</u> प्रतियोगिता सञ्चालन गर्दा खेलाडी तथा निर्णायकको शपथ ग्रहण अनुसूची- २ बमोजिम हुनेछ।

२७. <u>आचारसंहिता:</u> छनोट प्रतियोगिता अवधिभर सहभागी खेलाडी, आचरण एवं अनुशासनमा रहे वा नरहेको हेर्ने जिम्मेवारी जिल्लाबाट प्रदेशमा सहभागी हुँदा सम्बन्धित जिल्लाको टोली नेता, व्यवस्थापक तथा अफिसियलमा रहनेछ। जिल्ला तथा प्रदेश प्रतियोगिताको मर्यादामा आघात पुने गरी अवाञ्छनीय क्रियाकलापमा संलग्न हुने सहभागीमाथि आयोजक समिति र सम्बन्धित संघले कसुर अनुसारको कारवाही गरी परिषद्लाई जानकारी गराउनु पर्नेछ र तत्सम्बन्धमा परिषद्को निर्णय अन्तिम हुनेछ।

२८. <u>प्रतियोगिताबाट अलग हुन नपाउने:</u> जिल्ला तथा प्रदेश प्रतियोगितामा सहभागी टिम एवं खेलाडी प्रतियोगिता अवधिभर प्रतियोगिताबाट अलग हुन पाउने छैनन्। तर विशेष कारणवश प्रतियोगिताबाट अलग हुनुपर्ने बाध्यात्मक स्थिति भएमा आयोजकको पूर्व स्वीकृति लिई प्रतियोगिताबाट बाहिरिन सक्नेछन्।

२९. <u>प्रतियोगिता स्थगितको अवस्था:</u> मौसमको गडबडी वा कुनै आकस्मिक घटनाका कारणबाट कुनै प्रतियोगिता वा खेल स्थगित भएमा सो प्रतियोगिता प्रदेश खेलकुद परिषद् तथा सम्बन्धित प्राविधिक समितिसँग सल्लाह गरी आयोजक समितिले निर्धारण गरेको स्थान, समय र मितिमा गरिनेछ।

३०. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै समस्या आइ परेमा मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ।

३१. <u>कार्यविधि संशोधन:</u> यस कार्यविधिको कुनै दफा वा उपदफामा उल्लिखित कुनै प्रावधान संशोधन गर्नु परेमा आर्थिक दायित्व पर्ने विषय भए आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिई र अन्य विषयमा परिषद्को सिफारिसमा मन्त्रालयले गर्नेछ।

बलराम ढकाल
प्रदेश सचिव

माननीय ... मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश

अनुसूची-१

(दफा ९ सँग सम्बन्धित)

प्रदेश खेलकुद विकास परिषद्

.........जिल्ला/गा.पा./न.पा.

............................ प्रतियोगिता-२०८२.

फोटो

खेलाडी दर्ता फाराम

खेलाडी दर्ता नं........................................................ दर्ता मिति.........................................................

खेलाडीको नाम........................................................ तह ......................

तहगत वर्ष........................................... रोल नं... ...... .........

तौल समूहः.................................

अध्ययनरत संस्थाको नामः................................................

खेलको नामः..........................................

ईभेन्टस्.......................................... खेल शुरु गरेको मिति ........................

प्रशिक्षक/भोलिन्टियर प्रशिक्षकको नामः.....................................

प्रशिक्षण स्थलः...............................

हालसम्म सहभागी प्रतियोगिताको नामः

१.....................................................................................................................

२.....................................................................................................................

३.....................................................................................................................

४.....................................................................................................................

५.....................................................................................................................

अनुसूची- २

(दफा २७ सँग सम्बन्धित)

प्रदेश खेलकुद विकास परिषद्

**खेलाडी तथा निर्णायकका लागि सपथको व्यहोरा**

(क) खेलाडीका लागि

म सम्पूर्ण खेलाडीको तर्फवाट यस ---------------------खेलका सम्पूर्ण नियमको पालना तथा आदर गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेल्ने प्रतिज्ञा गर्दछु ।

(ख) निर्णायकका लागि

म सम्पूर्ण निर्णायकको तर्फवाट यस ---------------खेलका सम्पूर्ण नियम पालना गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा अनुरुप खेलहरु निष्पक्ष रुपमा खेलाउने प्रतिज्ञा गर्दछु।

बलराम ढकाल
प्रदेश सचिव

माननीय उर्मिला नेपाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश

महिला/ पुरुष:.......................................

उचाई.......................................................

तौल.......................................................   जन्म मिति.................................................

नागरिकता नं.........................................

स्थायी ठेगाना- पालिका.....................................   वडा नं–................................................

जिल्ला:.....................................................   प्रदेश:.....................................................

फोन न:........................................................

मो.न:...................................................

बावुको नाम.......................................................   आमाको नाम.......................................

पेशा:...............................................................

प्रदेश खेलकुद विकास ऐन, २०७५ र प्रदेश खेलकुद विकास नियमावली, २०७६ तथा परिषदको नीति तथा निर्देशनलाई पूर्ण रुपमा पालना गर्दै म सहभागी हुने जुनसुकै प्रशिक्षण तथा प्रतियोगितामा खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित भई खेल खेल्ने प्रतिज्ञा गर्दछु। खेलकुदको मर्म र आदर्श प्रतिकुल हुने गरी मैले कुनै पनि क्रियाकलाप गरेमा प्रदेश खेलकुद विकास परिषद्ले तोकेको दण्ड/सजाय एवं कारवाही भोग्न मन्जुर छु। प्रशिक्षण तथा प्रतियोगिताको समयमा कुनै दुर्घटना भएमा म स्वयं जिम्मेवार हुनेछु। माथि लेखिएको सम्पूर्ण व्यहोरा ठिक साँचो हो। झुठ्ठा ठहरिएमा नियम कानुन वमोजिम सहुँला बुझाउँला ।

खेलाडीको हस्ताक्षर............................

<u>प्रमाणित गर्ने सम्वन्धित निकायका अधिकारीको:</u>

नाम:........................................................

पद:........................................................

दस्तखत:.....................................................

मिति:..............................................................   सम्बन्धित निकायको छाप

बलराम ढकाल
प्रदेश सचिव

माननीय उर्मिला नेपाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
वागमती प्रदेश